कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

मितिः २०८३/०१/०२

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८३ साल वैशाख ०२ गते बुधवारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरू माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री समिर जोशी | सदस्य-सचिव (नि.प्र.प्र.अ.) | |

## मिति २०८३ वैशाख ०२ गतेको कार्यपालिका बैठकको प्रस्तावहरु तथा निर्णयहरु

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रस्तावहरू:-

१. गत कार्यपालिका निर्णयको समीक्षा सम्बन्धमा ।

२. ठेक्काको बोलपत्रमा पेश भएका फर्जी कागजातहरुको सम्बन्धमा ।

३. विविध

निर्णयहरु:

### १. गत कार्यपालिका निर्णयको समीक्षा सम्बन्धमा

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८२ चैत्र ०४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको स्थिति सम्बन्धमा छलफल गर्दा हालसम्मको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

### २. ठेक्काको बोलपत्रमा पेश भएका फर्जी कागजातहरुको सम्बन्धमा ।

प्रस्ताव नं २ माथि छलफल गर्दा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

क) यस कैलाश गाउँपालिका तथा नेपाल सरकारको समपुरक लगानीमा सञ्चालन हुने फास्टार-सुकभञ्याङ मोटरबाटो स्तरीकरण कैलाश ७ र ८ ठेक्का नं **KRM/UFSM/NCB-06/2082/83** सम्बन्धमा मिति २०८२/०८/०७ गते सूचना प्रकाशित भई खरिद कार्य अगाडी बढेकोमा प्राविधिक पक्षको मूल्याङ्कनको चरणमा निर्माण व्यवसायीहरुले पेश गरेका कागजातहरुको सम्बन्धमा कैफियत देखिएको तथा आयुश्री विल्डर्स कम्पनीले गोले-एच के एम जे.भि निर्माण व्यवसायीले पेश गरेका कागजात फर्जी रहेको दाबी सहित सार्वजनिक खरिद अनुगमन कार्यालयमा पुनरावेदनको लागि निवेदन गरी पुनरावलोकन समितिको निर्णयानुसार ठेक्का प्रक्रिया रद्द गरिएको तथापी सो सम्बन्धमा थप जाचबुझ गर्दा बकैया गाउँपालिकाबाट च.नं ३८७३, मिति २०८०/०३/२६, च.नं १०४७, मिति २०८२/०९/०२, च.नं १३२०, मिति २०८२/०९/२५ र च.नं १३३८, मिति २०८२/०९/२५ जारी भएका कागजातहरूको सन्दर्भमा गोले-एच के एम जे.भिलाई च.नं १०४७, मिति २०८२/०९/०२ मा जारी भएको कार्यअनुभवको प्रमाणपत्र प्रयोग नगर्न नगराउन जानकारी गराइएको मा सो विपरित अनुभवमा कागजातहरु पेश गर्दा विवरण/तथ्य झुक्याई पेश गरेको तथा योग्यता ढाँटेको देखिन आएकोले एक पटकको लागि स्पष्टिकरण माग गरी/सुनुवाईको मौका दिइ चित्तवुझ्दो जवाफ पेश नभएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ को उपदफा २(ख) पालना नभएको ठहर गरी सोही ऐनको दफा ६३ को उपदफा १(क) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

समिर जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

ख) यस कैलाश गाउँपालिका तथा नेपाल सरकारको समपुरक लगानीमा सञ्चालन हुने मनहरी खोला पक्की पुल कालिकाटार नामटार सडक ढलान तथा स्तरीकरण ठेक्का नं **KRM/RPC/NCB-12/2082/83** सम्बन्धमा मिति २०८२/१०/२० गते सूचना प्रकाशित भई खरिद कार्य अगाडी बढेकोमा प्राविधिक पक्षको मूल्याङ्कनको चरणमा निर्माण व्यवसायी **ANSN-KUNJAN J.V.** ले पेश गरेका कागजातहरुको सम्वन्धमा कैफियत देखिएकोले सम्बन्धित सार्वजनिक कार्यालयहरुबाट पुष्ट्याई माग गर्दा पेश गरेको प्रमाणपत्र सम्बन्धी कागजातहरु फर्जी रहेको भनि प्रतिक्रिया प्राप्त भएकोले विवरण/तथ्य झुक्याई/इडिट गरी पेश गरेको देखिन आएकोले एक पटकको लागि स्पष्टिकरण माग गरी/सुनुवाईको मौका दिइ चित्तवुझ्दो जवाफ पेश नभएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ को उपदफा १ र २(ख) पालना नभएको ठहर गरी सोही ऐनको दफा ६३ को उपदफा १(क) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

३. विविध

क) विविध माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाको कार्यालयले आ.व २०८२/८३ मा सञ्चालन गरेको गाउँपालिका तालिम हल निर्माण ठेक्का नं **KRM/NCB/GPTHN-05/2082/83** को सन्ध्या निर्माण सेवा थाहा १० संग मिति २०८२/०८/१९ गते सम्झौता भई मिति २०८२ चैत्र मसान्तसम्म म्याद दिइएकोमा विविभ कारणवस कार्यसम्पन्न गर्न नसकिएको भनि निर्माण व्यवसायीबाट निवेदन प्राप्त भएकोले सोको म्याद थप गर्न उचित देखि अन्तिम पटकको लागि २०८३ जेठ ३१ गते सम्म म्याद थप गर्ने र सो समयसीमा सम्म निर्माण सम्पन्न नगरेमा ठेक्का रद्द गरी, धरौटी जफत गरी सार्वजनिक खरिद ऐन र नियमानुसार कालोसूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय पारित गरियो ।

ख) विविध माथी छलफल गर्दा यस कैलाश गाउँपालिकाको आ.व २०८२/८३ को बार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुमा चैत्रमसान्त सम्म कार्यसम्पन्न गर्ने गरी कार्यदिश दिइएका विभिन्न वडाका उपभोक्ता समितिहरुको म्याद विविध कारणबस थप गर्नुपर्ने भएकाले अन्तिम एक पटक मिति २०८३ जेठ ३१ गतेसम्मको लागि म्याद थप गरी कार्य अगाडी बढाउने निर्णय पारित गरियो ।

ग) विविध माथी छलफल गर्दा यस कैलाश गाउँपालिकाको विभिन्न वडाहरुबाट प्राप्त भएका तपसिल बमोजिमका योजनाहरुलाई तपसिल बमोजिम संसोधन गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं | वडा नं | चालु आ.व मा स्वीकृत योजनाको विवरण | विनियोजित रकम | संसोधित/नयाँ स्वीकृत योजना/आयोजनाबाट हुने काम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ८ | पाखे बेसी टोल सडक मर्मत योजना कैलाश-८ र पाखे पार्क निर्माण कैलाश-८ | क्रमशः ४ लाख र ३ लाख | पाखे बेसी टोल सडक मर्मत योजना कैलाश-८ | ७ लाख | दुवै योजनालाई मर्ज गर्ने |

समिर जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ६ | आहाल हुँदै पुच्छारटोल सडक ट्र्याक ओपन तथा मर्मत योजना कैलाश-६ र थुम्कीडाँडा टावर मर्मत तथा रंगरोगन कैलाश-६ | क्रमशः ३ लाख र १ लाख | राउते खोला अधुरो स्ल्याब ढलान निर्माण योजना कैलाश-६ | ४ लाख | दुवै योजनालाई मर्ज गर्ने |
| ३ | ७ | कोथलीटार डुम्रे सडक स्तरीकरण कैलाश ७ | ५ लाख | विलौने सडक मर्मत कैलाश ७ | ५ लाख | शीर्षक परिवर्तन |
| ४ | २ | घाटुनाच मेला व्यवस्थापन योजना कैलाश-२ र तामाङ फापरे ह्वाई तथा घासीगीत प्रवर्द्धन कार्यक्रम कैलाश-२ | क्रमशः २ लाख र १ लाख ५० हजार | घाटु नाच, फापरे ह्वाई तथा घासीगीत प्रवर्द्धन कार्यक्रम कैलाश-२ | ३ लाख ५० हजार | दुवै योजनालाई मर्ज गर्ने |
| ५ | ३ | कालिकाटार थोक्रे खानेपानी योजना | ४ लाख | कालिकाटार बजार वैकल्पिक सडक मर्मत | ४ लाख | शीर्षक परिवर्तन |
| ६ | ८ | भलिबल मैदान जालिवार निर्माण कैलाश-८ र खेल मैदान घेरावार कैलाश-८ | क्रमशः २ लाख र १ लाख ५० हजार | भलिबल मैदान जालिबार निर्माण कैलाश-८ | ३ लाख ५० हजार | दुवै योजनालाई मर्ज गर्ने |

घ) विविध माथी छलफल गर्दा मिति २०८३ वैशाख ६ गते वडा नं ३,४,७,८,९ र १० मा गर्ने भनिएको सार्वजनिक सुनुवाई कार्यक्रम विविध कारणबस मिति २०८३ वैशाख १० गते बिहीवार गर्ने र मिति २०८३ वैशाख ७ गतेको गर्ने भनिएको वडा नं १,२,५ र ६ को सार्वजनिक सुनुवाई कार्यक्रम तोकिएकै मितिमा गर्ने निर्णय पारित गरियो ।

ङ) विविध माथी छलफल गर्दा कैलाश गाउँपालिकाअन्तर्गत सञ्चालित कक्षा ८ को परीक्षामा सहभागी भएका १० वटा विद्यालयहरुको मिति २०८२ चैत्र २० गते नतिजा प्रकाशन तथा नतिजा विश्लेषण गरी विद्यार्थीहरुलाई सिकाइमा सुधार ल्याउने र एक पटक मौकाको अवसर दिई उपलब्धी बढाउन अधिकतम २ विषयसम्म **NG** आएका र अधिकतम २ विषयसम्म अनुपस्थित भएका विद्यार्थीहरुको पुरक परीक्षा कक्षा ८ को आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति मार्फत गर्ने भनि शिक्षा समितिको मिति २०८२ चैत्र २३ गते निर्णय भएको हुँदा सोको लागि आवश्यक पर्ने अधिकतम रु.८०,०००।- (अक्षरेपि असी हजार मात्र) भैपरी आउने चालु शीर्षकबाट व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

समिर जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

च) विविध माथी छलफल गर्दा मिति २०८३ बैशाख ४ गतेबाट ६ गतेसम्म सञ्चालन हुने जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यस कैलाश गाउँपालिकाबाट विभिन्न खेलविधामा छनौट भएका खेलाडी विद्यार्थीहरुलाई सहभागी गराउन अपुग हुने अधिकतम १,२०,०००।- (एक लाख बिस हजार मात्र) भैपरी आउने चालु शीर्षकबाट व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

छ) विविध माथी छलफल गर्दा यस कैलाश गाउँपालिकाको १७ औं हिंउदे गाउँसभाबाट खिर्की भुक्टार ग्राभिल शीर्षकमा ३ नं वडा नं वडा कार्यालयले कार्यान्वयन गर्ने गरी बजेट विनियोजन भएकोमा वडाबाट उपभोक्ता समिति मार्फत कार्य गराउँदा तोकिएको परिमाणमा काम गर्न नसकिने तथा तहाँ कार्यालयको जे.सि.वि र टिप्पर प्रयोग गरी काम गराउन अनुरोध भई आएको हुँदा सो सम्बन्धमा उक्त योजना यसै कार्यालयको साधनहरु प्रयोग गरी कार्यान्वय गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय पारित गरियो ।

ज) विविध माथी छलफल गर्दा यस कैलाश गाउँपालिकाको वडा नं २ मा बस्ने श्री राम बहादुर स्याङ्तानको छोरा श्री राज कुमार स्याङ्तानको निवेदन अनुसार हालसम्म खरले छाएको घर रहेको पानी पर्दा चुहिएर बस्न समेत कठिनाई भएको र घरको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको कारण जस्तापाता खरिद गर्न नसकेको हुँदा घरको लागि आवश्यक जस्तापाताको लागि वडाको सिफारिस र प्राविधिको इस्टिमेट बमोजिम अधिकतम ६६,०००।-(सैसठ्ठी हजार मात्र) भैपरी आउने पुँजीगत शीर्षकबाट व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

झ) विविध माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाको कार्यालयले आ.व २०८२/८३ मा सञ्चालन गरेको पाखे वृहत खानेपानी तथा सरसफाई योजना कैलाश-८ ठेक्का नं **KRM/NCB/PBKY/BN-03/2082/83** को सन्ध्या निर्माण सेवा, थाहा-१० संग मिति २०८२/०८/१० गते सम्झौता भई मिति २०८२ चैत्र मसान्तसम्म म्याद दिइएकोमा उक्त निर्माण सेवाले मिति २०८२/१२/३० को पत्रानुसार फाइनल विल पाउँ भनि निवेदन परेकोमा निर्माण कार्यको स्थलगत निरीक्षण तथा अनुगमन गर्दा निर्माण कार्य नसकिएको देखिएकोले अन्तिम पटकको लागि २०८३ वैशाख १५ गते सम्मको लागि म्याद थप गर्ने र सो समयसीमा सम्म निर्माण सम्पन्न नगरेमा ठेक्का रद्द गरी, धरौटी जफत गरी सार्वजनिक खरिद ऐन र नियम अनुसार कालोसूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय पारित गरियो ।

आजको बैठक दिउसो १२:०० बजे सुरु गरी ०२:०० बजे सम्पन्न गरियो ।

**समिर जोशी**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

लोक बहादुर मुक्तान
अध्यक्ष